# नेपाल हस्तकला महासंघ

थापाथली हाइट, जि.पि.ओ. वक्स नं ७८४ काठमाडौं, नेपाल ।

फोन: ४२४४२३१/४२४५४६७/४२४३०१५, फ्याक्स ९७७-१-४२२२९४०

Email : han@wlink.com.np, http://www.nepalhandicraft.org.np

श्री सदस्य महानुभावहरु — मिति: २०६८/६/०२

## बिषय : नवौं हस्तकला व्यापार मेलामा सहभागिता सम्बन्धी सूचना

व्यापार मेला एवं प्रदर्शनीको माध्यमबाट नवोदित विविध हस्तकलाका वस्तुहरुको प्रदर्शनी एवं प्रचार प्रसार गरी तिनको प्रभावकारी बजार एवं निकासी व्यापार प्रबर्द्धन गर्न सहयोग पुऱ्याउने उद्देश्यले **नेपाल हस्तकला महासंघद्वारा** नेपाल सरकारको सहकार्यमा देहायको मिति र स्थानमा देहाय बमोजिम **नवौं हस्तकला व्यापार मेला** आयोजना गरिन लागेको व्यहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ । उक्त अवसरमा तल उल्लेखित विभिन्न वस्तु समूहको छुट्टा छुट्टै पेभिलियनको व्यवस्था गरिएको र स्टल बिक्री महासंघमा आबद्ध सम्बन्धित वस्तुगत संघहरुबाट समेत भइरहेको हुँदा ईच्छुक हस्तकला उद्यमी व्यवसायीहरुले आफ्नो वस्तु समूह समेत खुलाई सो मेलामा सहभागिताका लागि आवेदन दिन हुन अनुरोध गरिन्छ । साथै पहिलो प्राप्त आवेदनलाई पहिलो प्राथमिकताको आधारमा सिमित संख्यामा मेलामा सहभागी गराइने व्यहोरा समेत अनुरोध गरिन्छ । यस सम्बन्धी थप जानकारीका लागि महासंघमा सम्पर्क राख्न सक्नु हुनेछ ।

## नवौं हस्तकला व्यापार मेलासम्बन्धी संक्षिप्त विवरण

**कार्यक्रम :** नवौं हस्तकला व्यापार मेला

**मिति :** २०६८, मंसिर ८ देखि १२ ( नोभेम्बर २४ देखि २८ तारिख, २०११)

**स्थान :** भृकुटीमण्डप प्रदर्शन कक्ष, प्रदर्शनी मार्ग, काठमाडौं

**स्टल संख्या :** १६० **साइज :** ३ मि.X ३ मि.

**स्टललाई उपलब्ध हुने सुविधा :** फेसिया, मेच २, टेबुल १, बत्ती १, प्लग १

**स्टल भाडा :** क) रु. १०,०००। प्रति स्टल ( सदस्यहरु)
ख) रु. १२,०००। प्रति स्टल ( गैन्ह सदस्यहरु)

**आकर्षण :** क) फेशन शो
ख) प्रतियोगितात्मक हस्तकला प्रदर्शनी
ग) हस्तकला सम्बन्धी समसामयिक विषयमा गोष्ठी
घ) हस्तकला सम्बन्धी जीवन्त प्रदर्शनीं

**सहभागी वस्तु समूह :** १) पश्मिना, २) ऊनी तथा फेल्ट वस्तु, ३) चाँदी गर गहना, ४) धातुकला तथा मूर्तिकला, ५) हाते कागजजन्य वस्तु, ६) सुती/प्राकृतिक रेशाजन्य वस्तु, ७) (काष्ठकला-प्रस्तरकला एवं पौभा), ८) छालाजन्य वस्तु ९) सेरामिक, हाड/सिङ्गका वस्तु, पोतेका सामान १०) विविध वस्तु समुह

**आवेदन दिने अन्तिम मिति : २०६८ असोज २५ गते बुधबार सम्म ।**

**सम्पर्क थप जानकारी :** श्रीमती रेखा रेग्मी
नेपाल हस्तकला महासंघ,
फोन: ४२४४२३१, ४२४५४६७ फ्याक्स् : ४२२२९४०
Email: han@wlink.com.np

बोधार्थ:
श्री अध्यक्षज्यू, श्री पदाधिकारीज्यूहरु तथा
श्री का.स. सदस्यज्यूहरु, ने.ह. महासंघ ।

तुलानर्सिह शाक्य
उप निर्देशक